## मिति २०८२/११/२८ गतेको कार्यपालिका निर्णयहरु

| क्र. श. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १ | समिक्षा सम्बन्धमा। | आ.व २०८२/०८३ मा हाल सम्म योजनाहरुको कार्यान्वायनको प्रगति लगायत अन्य समसामयिक विभिन्न विषयमा वडागत समीक्षा गरियो। |
| २ | स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) मा विवरण प्रविष्टि गर्ने सम्बन्धमा। | स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS)मा विवरण प्रविष्टि गर्ने कार्य सम्बन्धित शाखा/फाँटबाट आवश्यक तथ्याङ्क तथा कागजात उपलब्ध गराउने र प्राप्त विवरणका आधारमा सूचना प्रविधि अधिकृत (IT Officer) बाट प्रणालीमा प्रविष्टि गर्ने व्यवस्था मिलाउने निर्णय गरियो। |
| ३ | सडक बोर्ड द्धारा विनियोजित रकम कार्यान्वायन सम्बन्धमा। | सडक बोर्ड नेपाल द्धारा यस बारपाक सुलिकोट गाउँपालिकालाई प्राप्त रु.५ लाखमा तपशिल बमोजिमका सडकहरुमा गाउँपालिकाको समेत साझेदारीमा मर्मतसम्भारको कार्य गर्ने निर्णय गरियो।<br>**तपशिलः**<br>क. राङरुङ-पोखरी सडक मर्मत सम्भार कार्य |
| ४ | दोस्रो राष्ट्रिय आर्थिक गणना सम्बन्धमा। | दोस्रो राष्ट्रिय आर्थिक गणना कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक समन्वय, सहजीकरण तथा अनुगमन गर्ने उद्देश्यले देहाय बमोजिम समिति गठन गर्ने निर्णय गरियोः<br><br>**स्थानीय आर्थिक गणना समन्वय समिति**<br><br>• **संयोजक:** गाउँपालिका अध्यक्ष / नगरपालिका प्रमुख<br>• **सदस्य:** उपाध्यक्ष / उप–प्रमुख<br>• **सदस्य:** वाणिज्य तथा व्यवसाय संघ–संस्थाका प्रतिनिधि – ३ जना<br>• **सदस्य:** सुरक्षा निकायका प्रतिनिधि |

| | | |
|---|---|---|
| | | • **सदस्य सचिव:** प्रमुख प्रशासकीय अधिकृत ।<br><br>**आर्थिक गणना वडा सहजीकरण समितिः**<br><br>• **संयोजक:** वडा अध्यक्ष<br>• **सदस्य:** वडा सदस्यहरू<br>• **सदस्य:** वाणिज्य तथा व्यवसाय संघ–संस्थाका प्रतिनिधि – ३ जना<br>• **सदस्य:** सुरक्षा निकायका प्रतिनिधि<br>• **सदस्य सचिव:** वडा सचिव |
| ५ | गरिब घरपरिवार व्यवस्थापन सूचना प्रणाली(PHMIS) मार्फत तथ्याङ्क संकलन सम्बन्धमा । | गरिब घरपरिवार व्यवस्थापन सूचना प्रणाली(PHMIS) मार्फत तथ्याङ्क संकलन सम्बन्धि कार्य तथा आवश्यक प्रक्रियाका लागि कार्यालयलाई जिम्मा दिने निर्णय गरियो । |
| ६ | शहिद प्रेम ढकाल स्मृति(१५ शैय्या) आधारभूत अस्पताल भवन हस्तान्तरण सम्बन्धमा । | यस बारपाक सुलिकोट गाउँपालिका र श्री ओम-बुद्ध बुद्ध नव कान्तिपुर जे.भी., काठमाण्डौ बीच मिति २०७८/०३/१३ गते भएको सम्झौता अनुसार “१५ शैय्या आधारभूत अस्पताल भवन निर्माण कार्य” सम्पन्न गरि हस्तान्तरण/भवन स्वीकारका लागि मिति २०८२/०९/२८ गते निर्माण पक्षबाट पत्राचार भएकोमा, भवन निर्माण सम्बन्धी सम्झौतामा उल्लेखित शर्तहरू बमोजिम त्रुटि सच्याउने अवधिभित्र आवश्यक त्रुटिहरू निर्माण कम्पनी श्री ओम-बुद्ध बुद्ध नव कान्तिपुर जे.भी., काठमाण्डौबाट सच्याउने गरि उक्त अस्पताल भवन यस गाउँपालिकाले स्वीकार गर्ने  निर्णय गरियो । |

| | | |
|---|---|---|
| ७ | शैक्षिक पूर्वाधार निर्माण बजेट कार्यान्वायन सम्बन्धमा। | शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट राष्ट्रिय शैक्षिक सुधार कार्यक्रम अन्तरगत यस गाउँपालिकाका विद्यालयहरुको भौतिक पूर्वाधार निर्माणका लागि पूँजीगत अनुदानका रुपमा रु. ९७,५०,०००/- (अक्षेरेपी सन्तानब्बे लाख पचास हजार रुपैयाँ) अख्तियारी प्राप्त भएकोमा हाल नयाँ भवन बनाउन आवश्यक नहरेको र विद्यमान भवनहरुको मर्मतसम्भार भने अत्यावश्यक भएकोले सो बजेट मर्मत सम्भार गर्न मिल्ने गरि संशोधन गरिदिन शिक्षा तथा मानव स्रोत विकास केन्द्रलाई अनुरोध गर्ने निर्णय गरियो। |
| ८ | सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धमा। | चालु आ.व. २०८२/०८३ को दोस्रो चौमासिक अवधि (मंसिर-फागुन)मा गाउँपालिकाबाट सम्पादित कार्य र सेवाप्रवाहको बारेमा सार्वजनिक सुनुवाई कार्यक्रम चैत्र महिनामा वडा नं ३ स्वाँरामा सञ्चालन गर्ने निर्णय गरियो। |
| ९ | विविध। | क) सहिद प्रेम ढकाल स्मृति (१५ शैय्या) आधारभूत अस्पताल सञ्चालन सहयोगका लागि स्वास्थ्य मन्त्रालय लगायत अन्य सम्बन्धित निकायमा लेखि पठाउने निर्णय गरियो।<br>ख) बारपाक सुलिकोट गाउँपालिका वडा नं २ स्थित निर्माणाधिन “बारपाक भ्यूटावर” २०८३ बैशाख सम्ममा निर्माण कार्य सम्पन्न गरि सञ्चालनमा ल्याउने व्यवस्था मिलाउने निर्णय गरियो।<br>ग) यस बारपाक सुलिकोट गाउँपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण को विवरण तयार पार्दा भू वर्गीकरणमा छुट भएका कित्ता जग्गाहरु सम्बन्धीत जग्गाधनीहरुको निवेदन र सम्बन्धित वडा कार्यालयको सिफारिसका आधारमा उल्लेखित कित्ता जग्गाहरुको भू-उपयोग क्षेत्र वर्गीकरण गर्ने निर्णय गरियो। |